# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np


## कृषि शाखाको वार्षिक स्वीकृत कार्यक्रम संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१८

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा अन्तर्गत आ.व. ०८२/०८३ को तपसिल बमोजिमका वार्षिक स्वीकृत कार्यक्रम संचालनार्थ यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/१०/०२) भित्रमा तोकिएको ढाँचामा निवेदन भरी देहाय अनुसारको कागजातहरू सहित पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु | मापदण्ड/कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १. | कृषकलाई प्रविधि हस्तान्तरण ५०% साझेदारी (कफि, अदुवा र बेसार) | ३,००,००० | कम्तिमा २ रोपनी क्षेत्रफलमा सम्बन्धित बाली लगाएका कृषकहरु | |
| २. | अकवरे खुर्सानी प्रवर्द्धन कार्यक्रम | ५०,००० | कम्तिमा २ रोपनी क्षेत्रफलमा अकवरे खुर्सानी लगाएका कृषकहरु | |

**आवश्यक कागजातहरुः**

१. तोकिए बमोजिमको ढाँचामा निवेदन र कार्यक्रम प्रस्तावना सहितको व्यवसायिक कार्ययोजना तथा स्वघोषणा पत्र।

२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी वा कृषक समूह/कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने कृषकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

३. कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बरको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।

४. कृषक समूह/कृषि सहकारीको हकमा कार्यक्रमको विवरण तथा माग गर्ने कृषकको नामवली सहित संस्था संचालक समितिको बैठकको निर्णयको प्रतिलिपी।

५. कार्यक्रम संचालन हुने जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी वा ५ वर्ष लिजमा लिएको करारनामा पत्रको प्रतिलिपी।

६. कार्यक्रम संचालन हुने सम्बन्धित वडा कार्यालयको उस्तै प्रकृतिको कार्यक्रममा अनुदान दोहोरो नपर्ने व्यहोरा सहितको सिफारिस पत्र।

२०८२/०९/१८

जिवन गिरे

प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।

श्री वडा कार्यलय सबै सूचना पाटीमा सूचना टाँस गरी कृषकहरुलाई जानकारी गरिदिनुहुन।

<u>थप जानकारीका लागि (कृषि शाखा)</u>

९८४०५३८४२२, ९८६९२११८९४, ९८६४१४९३९५

(पुनश्चः निवेदन र कार्यक्रम प्रस्तावना फारम वडा कार्यलयमा उपलब्ध हुनेछ।)